संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ५०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल भदौ ७ गते बिहिबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:३० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री डोल प्रसाद अर्याल
२. मा० श्री तेजु लाल चौधरी
३. मा० श्री दामोदर भण्डारी
४. मा० श्री दिपा शर्मा
५. मा० श्री दुर्लभ थापा क्षेत्री
६. मा० श्री देव प्रसाद तिमलसेना
७. मा० श्री धन बहादुर बुढा
८. मा० श्री धवलशम्मशेर जंगबहादुर राणा
९. मा० श्री ध्रुब बहादुर प्रधान
१०. मा० श्री नारायण प्रसाद आचार्य
११. मा० श्री निशा डाँगी
१२. मा० श्री पुष्प बहादुर शाह
१३. मा० श्री प्रकाश मान सिंह
१४. मा० श्री प्रदिप पौडेल
१५. मा० श्री प्रतिमा गौतम
१६. मा० श्री प्रभु हजारा
१७. मा० श्री प्रेम बहादुर महर्जन
१८. मा० श्री बद्री प्रसाद पाण्डे
१९. मा० श्री बलराम अधिकारी
२०. मा० श्री बासु देव घिमिरे
२१. मा० श्री बिन्दबासिनी कांसकार
२२. मा० श्री बिनिता कठायत

यसैविच नारायण प्रसाद आचार्य बोलिसक्नु भएपछि सभाको बैठकमा मन्त्री उपस्थित नहुनु भएको भनी माननीय श्री सूर्य बहादुर थापा क्षेत्रीले आपत्ति जनाउनुहुँदै गर्दा माननीय मन्त्री सभा कक्षभित्र उपस्थित हुनुभयो ।

तत्पश्चात् प्रारम्भ भएको विषेश समयमा निम्न लिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्नुभयो ।

१. मा० श्री श्याम कुमार घिमिरे
२. मा० श्री भिम प्रसाद आचार्य
३. मा० श्री रुपा शो.सी. चौधरी
४. मा० श्री मनिष झा
५. मा० श्री दिपक बहादुर सिंह
६. मा० श्री रेखा यादव
७. मा० श्री कृष्ण कुमार श्रेष्ठ
८. मा० श्री अब्दुल खान
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री प्रभु साह
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० श्री इश्वरी देवी न्यौपाने
१३. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
१४. मा० श्री रणेन्द्र बराली
१५. मा० शिव नेपाली
१६. मा० श्री गोमा लाभ (सापकोटा)
१७. मा० श्री राजेन्द्र कुमार के.सी.
१८. मा० श्री भगवती चौधरी
१९. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
२०. मा० श्री रमा कोइराला पौडयाल
२१. मा० श्री अमृता देवी अग्रहरी
२२. मा० श्री नगिना यादव
२३. मा० श्री हरि प्रसाद उप्रेती
२४. मा० श्री लाल प्रसाद साँवा लिम्बु
२५. मा० श्री ईश्वरी घर्ती

यसैबिच माननीय प्रभु साहले बोलिसक्नु भएपछि माननीय सूर्य बहादुर थापा क्षेत्रीले नियमापत्ति गर्नुहुँदै माननीय प्रभु साहले बोल्ने क्रममा "श्री ५ को सरकारको ध्यानाकर्षण" भन्ने शब्द प्रयोग गर्नुभएकोले सो शब्द सचिवालयको रेकर्डबाट हटाइयोस् भन्नु भएपछि सम्माननीय सभामुखले त्यसतर्फ ध्यानकर्षण भएको छ भन्नुहुँदै यस विषयमा रेकर्ड हेरेर निर्णय लिइनेछ भन्नुभयो ।

यसैबिच माननीय श्री देवप्रसाद तिमलसेनाले नियमापत्ति गर्नु हुँदै माननीय सूर्यबहादुर थापा क्षेत्रीले बोल्ने क्रममा नालायक सरकार भन्ने शब्द प्रयोग गर्नु भएकोले उक्त शब्द सचिवालयको रेकर्डबाट हटाइयोस् भन्नु भएपछि सम्माननीय सभामुखले त्यसतर्फ ध्यानाकर्षण भएको भन्नुभयो ।

तत्पश्चात् माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसालले आकस्मिक, शून्य र अन्य समयमा सदनमा उठेका प्रश्नहरुको जवाफ दिनु हुँदै देशैभरी फैलिएको लम्पिस्किन रोग नियन्त्रणका लागि तीनै तहको सरकारबीच समन्वयमा काम भइरहेको साथै हालसम्म ७ लाख ६ हजार ४०० पशुमा खोप लगाइसकिएको लगायतका विषयहरु सदनलाई जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले "निर्वाचन आयोग, नेपालको पन्ध्रौं वार्षिक प्रतिवेदन २०७७/०७८ र सोह्रौं वार्षिक प्रतिवेदन २०७८/०७९" पेश गर्नु भयो ।

त्यसपछि सम्माननीय सभामखुले प्रनिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-९ बमोजिमको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी कार्यक्रम यही २०८० भदौ १२ गतेको बैठकमा हुने गरी निर्धारण गरेको व्यहोरा जानकारी गराउनु हुँदै प्रधानमन्त्रीसँगको प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रमको लागि यस अघि नै समूह विभाजन भैसकेको र समूह २ मा रहेका माननीय सदस्यहरुले यस महिना प्रश्न सोध्नका लागि नियमावलीको नियम ५८ बमोजिम मिति २०८० भदौ ८ गते शुक्रबार दिनको ३:०० बजेभित्र प्रतिनिधि सभाको सचिव समक्ष आफ्नो प्रश्न लिखित रुपमा दिनसक्नुहुने व्यहोरा समेत जानकारी गराउनु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले प्रतिनिधि सभा अर्न्तगत गठित विभिन्न बिषयगत समितिहरुको सभापतिको निर्वाचनको लागि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७६ को उपनियम (१) बमोजिम २०८० साल भदौ ११ गते सोमबार दिनको ३:०० बजेको समय तोकेको व्यहोरा जानकारी गराउनु हुँदै सोही नियम बमोजिम समितिको सभापति निर्वाचन सम्बन्धी सूचना प्रकाशित गर्न प्रतिनिधि सभाको सचिव श्री पदम प्रसाद पाण्डेयलाई निर्देशन दिनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल भाद्र १२ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ४:४५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव